"शिक्षा, स्वास्थ्य, पर्यटन तथा व्यापारिक पूर्वाधार, बहुसांस्कृतिक, आवासीय समृद्ध सहर"

# धरान उपमहानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### शिक्षा, युवा तथा खेलकुद महाशाखा

धरान - १२, सुनसरी

पत्र संख्या: 260 - 2081/082

चलानी नम्बर: 6446

मितिः २०८२।०१।१४

विषयः IEMIS अद्यावधिक गर्ने सम्बन्धमा ।

श्री सबै सामुदायिक तथा संस्थागत विद्यालयहरु,
धरान उपमहानगरपालिका, सुनसरी ।

प्रस्तुत विषयमा यस उपमहानगरपालिका अन्तर्गत सञ्चालित सबै प्रकारका (सामुदायिक, संस्थागत र परम्परागत/धार्मिक) विद्यालयहरुले शैक्षिक सत्र २०८२ को एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) मिति २०८२ जेठ मसान्तभित्र अनिवार्य रुपमा अद्यावधिक गर्नुहुन अनुरोध छ । यस विषयमा कुनै द्विविधा भएमा YouTube (IEMIS CEHRD Nepal), Facebook (IEMIS CEHRD Nepal) मा रहेका सूचना तथा जानकारी र यसैसाथ संलग्न पत्र अध्ययन गरी सोही अनुसार अध्यावधिक गर्न/गराउनुहुन अनुरोध छ । साथै कतिपय विद्यालयहरुले IEMIS Transferred बिना नै तथा अन्य विद्यालयबाट आएका विद्यार्थीलाई Double Promoted गरेर विद्यार्थी भर्ना गरिरहेको भन्ने जनगुनासा यस कार्यालयमा प्राप्त भएको हुँदा IEMIS Transferred बिना र Double Promoted गरेर विद्यार्थी भर्ना नगर्न/नगराउनुहुन समेत जानकारी गराइन्छ ।

ध्रुब राज खड्का
शिक्षा अधिकृत
अधिकृत सही

**बोधार्थः**

श्री नगर प्रमुखज्यूको सचिवालय, धरान उपमहानगरपालिका, सुनसरी : जानकारीका लागि ।
श्री नगर उप-प्रमुखज्यूको सचिवालय, धरान उपमहानगरपालिका, सुनसरी : जानकारीका लागि ।
श्री सूचना शाखा, धरान उपमहानगरपालिका- पत्र Website मा राखिदिनु हुन ।
श्री प्याब्सन धरान- कार्यान्वयनका लागि ।
श्री एन. प्याब्सन धरान - कार्यान्वयनका लागि ।

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

# शिक्षा तथा मानव स्रोत विकास केन्द्र

सानोठिमी, भक्तपुर

मिति : २०८२।०१।०२

प.स.: शै.सू.व्य. २०८१/८२
च.नं.: ४६

**विषय : IEMIS अद्यावधिक गर्ने सम्बन्धमा।**

श्री स्थानीय तह (सबै)
श्री विद्यालय (सबै)

उपरोक्त सम्बन्धमा सबै प्रकार र तह (सामुदायिक, संस्थागत र परम्परागत/धार्मिक) का विद्यालयहरूबाट प्रत्येक शैक्षिक सत्रको सुरु र अन्त्यमा क्रमशः Flash I र Flash II School Census अन्तर्गत विद्युतीय एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली (Integrated Educational Management Information System-IEMIS)मा विद्यालय शिक्षासँग सम्बन्धित तथ्याङ्क/सूचनाहरू Web based System मा व्यवस्थापन गरी तिनको सङ्कलन, एकीकरण, विश्लेषण, प्रतिवेदन तयारी, प्रबोधीकरण र प्रकाशन गर्दै सोका आधारमा योजना निर्माण, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कनका कार्यहरू हुँदै आइरहेको व्यहोरा विदितै छ।
यसै सन्दर्भमा शैक्षिक सत्र २०८२ को विद्यालयस्तरीय शैक्षिक तथ्याङ्क मिति २०८२ जेठ मसान्तभित्र सबै प्रकारका विद्यालयहरुले देहायअनुसार अद्यावधिक गर्नुहुन र सबै स्थानीय तहहरूले सो कार्यका लागि सहजीकरण गरिदिनु हुन यस केन्द्रको मिति २०८२।०१।०२ को निर्णयानुसार अनुरोध छ। यस विषयमा कुनै द्विविधा भएमा युट्युव (IEMIS CEHRD Nepal), Facebook (Iemis Cehrd Nepal) र Viber (IEMIS CEHRD Viber Community) मा रहेका सूचना तथा जानकारी अध्ययन गर्नुहुन समेत अनुरोध छ।

**विद्यालयहरुले गर्नुपर्ने कार्य:**

क) विद्यालयले यस प्रणालीमा भएका सबै विवरण प्रधानाध्यापकको रोहवरमा यथार्थ रूपमा अद्यावधिक गर्ने, (सो नगरेका कारण विद्यालयले प्राप्त गर्ने अनुदान तथा विद्यार्थीले प्राप्त गर्ने सुविधामा फरक पर्ने भएकाले) सबै विवरणहरू त्रुटिरहित तरिकाले सतर्कतापूर्वक भर्ने/अद्यावधिक गर्ने। वास्तविक विवरण नभरेको/अद्यावधिक नगरेका कारण विद्यालय वा विद्यार्थी कुनै सुविधा प्राप्त गर्नबाट वञ्चित भएमा सम्बन्धित प्रधानाध्यापक नै जिम्मेवार हुने भएकाले यस कार्यमा प्रधानाध्यापक स्वयंले विशेष ध्यान दिने

ख) एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीको वेवपेज (https://emis.cehrd.gov.np ) खोलेर युजर (विद्यालयको IEMIS कोड) र आफ्नो पासवर्ड प्रयोग गरी लगइन गर्ने

ग) Dashboard को सुरुमा रहेको School Profile (Basic Profile, ECED Information र Management & others) मा रहेका विवरणहरू अद्यावधिक गर्ने

घ) Student Information मेनुको Scholarship मा गएर छात्रवृत्तिको विवरण भर्ने र विद्यार्थीको वार्षिक हाजिरी दिन प्रविष्ट गर्ने

ङ) Manage Exam मा गएर विद्यार्थीहरूको शैक्षिक सत्र २०८१ को अन्तिम परीक्षाको उपलब्धि विवरण प्रविष्टि गर्ने

च) Student Information मा गएर Update मेनुमा विद्यार्थीको शैक्षिक उपलब्धिको आधारमा Passed, Passed & Transfer, Double promoted, Repeated, Repeated & Transfer, Dropout) गर्ने

छ) आफ्नो विद्यालयबाट अन्यत्र विद्यालयमा स्थानान्तरण भई जाने विद्यार्थीलाई Student Record मा रहेको Student Transfer मा गई उक्त विद्यार्थी जुन विद्यालयमा गई भर्ना भएको छ सो विद्यालय छानी Transfer Click गर्ने

ज) Transfer भई आएका विद्यार्थीको विवरण Student Accept मा गई विद्यार्थीको लिस्ट हेरी Accept गर्ने

ञ) पूर्व प्राथमिक तह (ECED/PPC) का सबै र कक्षा १ मा (ECED/PPC को अनुभव लिई कक्षा १ मा आएका बाहेकका) भर्ना हुन आएका बालबालिकालाई मात्र Add Student मा विवरण प्रविष्ट गर्ने।

ञ) कक्षा २ वा सो भन्दा माथिल्लो कक्षामा भर्ना हुन आउने विद्यार्थीको हकमा अघिल्लो विद्यालयबाट स्थानान्तरण प्रमाणपत्र (IEMIS को रजिष्ट्रेशन नम्बर सहित) ल्याउन लगाई Student Accept मा रहेका विद्यार्थी Search गरी आफ्नो विद्यालयमा भर्ना हुन आएको विद्यार्थीको विवरण Accept गर्ने । अघिल्लो विद्यालयले Transfer गर्न बाँकी रहेछ भने उक्त विद्यालयलाई Transfer गर्न अनुरोध गरी विद्यार्थी विवरण Accept गर्ने

ट) सबै विद्यालय (ECED देखि कक्षा १२ सम्म सञ्चालन भएका) हरुले आआफनो विद्यालयको IEMIS अनिवार्य रुपमा अद्यावधिक गर्ने। विगतदेखि सञ्चालनमा रहेका तर हालसम्म IEMIS कोड प्राप्त नगरेका वा शैक्षिक सत्र २०८२ देखि सञ्चालनमा आएका नयाँ विद्यालय भए मिति २०८२ जेष्ठ मसान्तभित्र स्थानीय तहमार्फत कोड प्राप्त गरी विवरण अद्यावधिक गर्ने

ठ) Dashboard मा रहेको Teacher/Staff Menu गइ शिक्षक तथा कर्मचारीहरुको विवरण अद्यावधिक गर्ने । कतिपय विद्यालयहरूको शिक्षक/कर्मचारी विवरण सिस्टममा अध्यावधिक नभएको देखिएको हुँदा विद्यालयमा रहेको शिक्षक दरबन्दी (राहत समेत) विवरणसमेत अध्यावधिक गरी विद्यालयमा कार्यरत शिक्षक/कर्मचारी विवरण अध्यावधिक गर्ने

ड) SMC Menu मा गइ विद्यालय व्यवस्थापन समिति सम्बन्धी विवरण अद्यावधिक गर्ने

ढ) Infras. (Infrastructure) Inventory Menu मा गइ विद्यालयमा रहेका सम्पूर्ण भौतिक संरचना र विद्यालय नक्शाङ्कन (School Mapping) सम्बन्धी विवरण अद्यावधिक गर्ने

ण) बाढी/पहिरो, हावा हुरी, भूकम्प जस्ता प्राकृतिक प्रकोपबाट भएको शैक्षिक क्षतिसम्बन्धी विवरण भर्ने स्थानहरू भएकाले यदि उपर्युक्त कारणबाट विद्यालयमा कुनै क्षति भएमा EiE Menu रहेका सम्पूर्ण विवरण तत्काल अपडेट गर्ने

त) प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषदबाट सम्बन्धन लिई सामुदायिक विद्यालयमा प्राविधिक शिक्षा (Technical Education in Community School- TECS) सञ्चालन गरिरहेका सामुदायिक माध्यमिक विद्यालयहरुले उक्त कार्यक्रम अन्तर्गत (Pre- diploma/Diploma) अध्ययनरत विद्यार्थीको विवरण पनि यस प्रणालीमा प्रविष्ट गर्ने

थ) प्राविधिक धार, विशेष विद्यालय, स्रोत कक्षा सञ्चालित विद्यालयहरूले Basic profile मा रहेको सम्बन्धित विकल्प छनोट गर्ने र Student Record को Student Information को Action button बाट प्राविधिक धारतर्फ अध्ययन गर्ने विद्यार्थी छनोट गरी Flag गर्ने

<u>स्थानीय तहका लागि अनुरोध</u>

क) शैक्षिक सत्र २०८१ देखि नयाँ अनुमति प्राप्त गरेका वा विगतमा अनुमति/स्वीकृति प्राप्त गरी सञ्चालनमा रहेका तर हालसम्म IEMIS कोड प्राप्त नगरेका विद्यालयहरूको शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट IEMIS कोड प्राप्त गरी सम्बन्धित विद्यालयलाई उपलब्ध गराई विवरण अद्यावधिक गर्न लगाउनु हुन

ख) विद्यालयबाट भरिएको सम्पूर्ण विवरण विशेष गरी भौतिक अवस्थासम्बन्धी विवरण ( भवन, कक्षाकोठा, शौचालय), पुस्तकालय, विज्ञान प्रयोगशाला, सूचना प्रविधि प्रयोगशालालगायतका विवरण सही रूपले भरेको/अद्यावधिक गरे नगरेको बारेमा विशेष ध्यान दिनुहुन

ग) IEMIS मार्फत नै शिक्षक तथा कर्मचारीको तलबभत्ता माग फाराम सङ्कलन तथा शिक्षक दरबन्दी पुनरावलोकनसम्बन्धी कार्यका लागि शिक्षकसम्बन्धी विवरण (स्वीकृत दरबन्दी, राहत अनुदान, स्थायी/अस्थायी, स्थानीय तह/प्रदेशबाट अनुदान प्राप्त गर्ने, शिक्षण सहयोग अनुदान प्राप्त गर्ने र निजीस्रोत लगायत नियुक्ति भएको मिति र विषय आदि खुल्ने गरी) लाई पूर्ण रूपमा अद्यावधिक गर्न लगाउनु हुन

घ) स्थानीय तहहरूले IEMIS User मा आफ्नो शाखाको अफिसियल इमेल प्रयोग भए/नभएको यकीन गरी नभएमा अफिसियल इमेल र आधिकारिक प्रयोगकर्ताको विवरण यस केन्द्रको शैक्षिक सूचना व्यवस्थापन शाखा (iemis@cehrd.gov.np) मा उपलब्ध गराउनु हुन

ङ) बन्द वा समायोजन भएका विद्यालयको विवरण, स्थानीय तहको User Account बाट अद्यावधिक गर्नुहुनका साथै समायोजन/बन्द भएका विद्यालयहरूको सो सम्बन्धमा भएको निर्णयको विवरण (iemis@cehrd.gov.np) उपलब्ध गरिदिनु हुन

च) सामाजिक परीक्षण (IEMIS बाट प्राप्त हुने School Report Card प्रयोग गरी) र आर्थिक परीक्षण गरेको, विद्यालय सुधार योजना बनेको/अद्यावधिक भएको, विद्यालय व्यवस्थाप समिति र शिक्षक अभिभावक संघ गठन मिति लगायतका सबै विवरणहरु अनिवार्यरूपमा अध्यावधिक गर्न विद्यालयहरूलाई सूचित गरिदिनु हुन

छ) स्थानीय तहभित्र कक्षा ११-१२ मात्र सञ्चालन गरिरहेका विद्यालयहरूको पनि अनिवार्य रूपमा विवरण अद्यावधिक गर्ने व्यवस्था मिलाउनु हुन

(शुशिल पौडेल)
तथ्याङ्क अधिकृत

**बोधार्थ:**

श्री सामाजिक विकास मन्त्रालय
(सबै प्रदेश): आवश्यक समन्वय एवम् सहजीकरणका लागि अनुरोध छ ।
श्री शिक्षा विकास तथा समन्वय इकाइ (सबै): आवश्यक समन्वय र सहजीकरण गर्नु हुन ।